# नेपाल पत्रकार महासंघ

## Federation of Nepali Journalists (FNJ)

केन्द्रीय समिति,सञ्चारग्राम, काठमाडौं, नेपाल

मितिः २०७७।०२।३०

## प्रेस विज्ञप्ति

नेपाल पत्रकार महासंघ दाङ शाखाका अध्यक्ष सविन प्रियासनलाई घोराही-१५ न्युरोड निवासी साजन भण्डारीलगायतका दुई तीन जनाको समुहमा रहेका युवाहरुले दुर्व्यवहार गर्दै उहाँको मोटरसाइकलको चावी खोसी हातपातसमेत गरेको घटनाप्रति नेपाल पत्रकार महासंघको गम्भीर ध्यानाकर्षण भएको छ ।

महासंघ दाङ शाखाका अनुसार जेठ २९ घोराही-१४ शहीद लखनपार्क नजिक स्थानीयले टिप्पर रोकेको सम्बन्धमा आयोजित पत्रकार सम्मेलनमा आइदिन आग्रह भएपछि त्यहाँ पुग्नु भएका अध्यक्ष प्रियासनलाई स्थानीय र टिप्पर सञ्चालकबीच सहमति गराउन प्रयास गरिरहँदा निज भण्डारीलगायतका युवाहरुको समुहले दुर्व्यवहार गर्दै उहाँको मोटरसाइकलको चावी खोसी हातपातसमेत गरेका थिए । उक्त समुहले सामाजिक सञ्जालमा अध्यक्ष प्रियासनसहित सम्पूर्ण सञ्चारकर्मीको चरित्र हत्या गर्ने उद्देश्यले विभिन्न भिडियो राखेर चरित्र हत्या गर्ने प्रयाससमेत गरेका थिए ।

कोरोना भाइरस (कोभिड-१९) को संक्रमण तीव्र रुपले बढिरहेको अवस्थामा बढ्दो जोखिमको ख्याल नगरी आफ्नो जिम्मेवारी वहन गरिरहेका पत्रकारमाथि यस किसिमले दुर्व्यवहार र हातपात हुनु प्रेस स्वतन्त्ता विरोधी काम हो । महासंघ अध्यक्ष प्रियासनमाथि भएको दुर्व्यवहार र हातपातको कडा शब्दमा भर्त्सना गर्दछ । घटनामा संलग्न सबैलाई तत्काल कानुनी दायरामा ल्याउन तथा यस्ता अराजक गतिविधि नियन्त्रणमा कडा कदम चाली पत्रकारलाई सुरक्षित र निर्वाध रुपमा काम गर्ने वातावरण बनाउन महासंघ सम्बन्धित निकायसँग माग गर्दछ ।

रमेश विष्ट

महासचिव

Headquarters, Media Village, Kathmandu, Nepal
Phone : +977-1-4112763/4112673, Fax: +977-1-4112785, Email fnjnepalcentral@gmail.com, URL: www.fnjnepal.org